**नेपाल महाभूकम्प २०७२ अपडेट : २८औं दिन**
**मिति : ०७२ जेठ ८**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६३६
घाइते : १६,८०८

## बालबालिकाप्रति विशेष ध्यान आवश्यक

आन्तरिक युद्ध होस् वा बाह्य, घरेलु हिंसा होस् वा सामाजिक होस्, प्राकृतिक विपत्ति, सबैभन्दा बढी बालबालिका पीडित हुने गर्दछन् । वैशाख १२ गतेको भूकम्पबाट भएका मानवीय एवम् भौतिक क्षतिका तथ्याङ्क दिनहुँ बढ्दै गइरहेको छ ।

यस भूकम्पबाट मृत्यु भएकाहरूमा ३२ प्रतिशतभन्दा बढी बालबालिका रहेको नेपाल प्रहरीले जनाएको छ । कति बालबालिका घाइते अवस्थामा छन्, त्यसको आधिकारिक तथ्याङ्क प्रकाशन हुन सकेको छैन । यसबाहेक भूकम्पका क्रममा कतिजना बालबालिकाको अवस्था अज्ञात रहेको छ, त्यसको फेहरिस्त पनि तयार भएको छैन ।

थोर बहुत खाएर आकाश र पालमुनि ओत लागेर बसेका बालबालिकाको मनभित्र रहेको त्रासको सहजै अनुमान गर्न सकिन्छ । तर, त्यो त्रासबाट मुक्ति दिलाउने कार्य उत्तिकै कठिन पनि छ । हेर्नुहोस् फोटो फिचर ( त्रिपालमुनिको बालापन) http://www.inseconline.org/index.php?type=news&id=49667&lang=np ।

अस्पतालमा कैयन् त्यस्ता बालबालिका उपचाररत छन्, जसको छेउछाउमा तिनका आफन्तको साटो अपरिचित अनुहार छन् । परिवारको स्याहार सुसार त उनीहरूले पाउन सकेका छैनन्, बरु उनीहरू चिन्तित छन् हाम्रा आफन्त कहाँ होलान् ? कुन अवस्थामा होलान् ? न छैनन् कि?

कैयन बालबालिकाले आफ्ना बाबु आमा गुमाएका छन् । त्यस्ता बालबालिकाको दायित्व सरकारले व्यहोर्ने प्रधानमन्त्रीको प्रतिबद्धता व्यवस्थापिका संसदमा पनि व्यक्त भइसकेको छ । बालअधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएको नाताले यो राज्यको दायित्वभित्र नै पर्दछ । यस्तो परिस्थितिको सामना गर्न बालबालिकाको कोमल मन समर्थ नहुने भएकोले सम्पूर्ण समाजले उनीहरूलाई भरमग्दुर साथ दिनुपर्ने हुन्छ ।

हाम्रा धेरैजसो राहत र सहयोग सुविधासम्पन्न र सुगम क्षेत्रमा केन्द्रित रहेको हुन्छ । राजधानीका शिविरहरूमा बालमैत्री वातावरण तयार पार्न केही संघसंस्थाको सक्रियता देख्न सकिन्छ । दुर्गम गाउँमा भने सामान्य भोजनको पनि अभाव रहेको देखिन्छ ।

अभिभावकहरू दैनिक गर्जो टार्न राहत र अन्य सहयोगको उपायको खोजीमा लागेका बेला आपराधिक समूहहरू मौका छोपेर बालबालिका ओसारपसारको सम्भावना बढ्छ । यस्ता केही घटनाहरू सार्वजनिक पनि भएका छन् ।

युनिसेफको तथ्याङ्कअनुसार १० लाख बालबालिका भूकम्पका कारण विद्यालय जान सकिरहेका छैनन् । विद्यालय जानबाट वञ्चित रहेको अवस्थामा ओसारपसार, यौन शोषण, बाध्यकारी श्रम तथा दुर्व्यवहारको खतरा बढ्ने भएकाले बालबालिकाप्रति विशेष ध्यान दिनुपर्ने हुन्छ ।

केन्द्रीय बाल कल्याण समितिले यथासक्य आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छ । भूकम्पप्रभावित क्षेत्रका अभिभावकविहीन बालबालिकाको लगत संकलन गर्ने, तिनलाई अन्य जिल्लाका बाल कल्याण समिति वा अन्य गैरसरकारी संस्थामा यसले आश्रय दिलाउने जस्ता काम सम्पन्न गर्न सक्दछ । यस्ता कामलाई गैरसरकारी संस्थाहरूले आफ्नो कर्तव्य सम्झेर पालना गर्नेमा दुई मत हुन नसक्ला ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**उल्लेख्य**

- भूकम्प र त्यसपछिको पहिरोका कारण धादिङको उत्तरी क्षेत्रको लापा गाविस-२ तेनचेत, तेङचेत, चपाङचेत मानवविहीन बस्तीका रुपमा विस्तारै परिणत हुन थालेको छ। तेनचेतका ५८ घरमध्ये ५१ घर सदरमुकाम नजिकै विस्थापित भएर आइपुगेका छन्। साँङकोषमा आएका उनीहरू एकै स्थानमा त्रिपाल हालेर बसेका छन्। युनिसेफ नेपालको सहयोगमा सहयात्री समाजले सञ्चालन गरेको स्नेह केन्द्रमा १ सय १७ बालबालिका छन्।
- भूकम्पपीडितलाई बैङ्क तथा वित्तीय संस्थाबाट २ प्रतिशत ब्याजदरमा बढीमा १० वर्षका लागि आवास कर्जा उपलब्ध हुने भएको छ । नेपाल राष्ट्र बैङ्कले जेठ ७ गते सार्वजनिक गरेको 'भूकम्प प्रभावित परिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान पुनर्कर्जा कार्यविधि मस्यौदा, ०७२ मा यस्तो व्यवस्था गरिएको हो।
- वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पका कारण इलाम नगरपालिका कार्यालयले नगर क्षेत्रभित्र १ सय २ घर बस्न अयोग्य भएपछि भवनसंहिता कार्यान्वयनमा पनि कडाइ गरेको छ।
- वैशाख १२ गते आएको विनाशकारी भूकम्पमा परी हालसम्म ७४ जना बेपत्ता भएको जानकारी प्राप्त भएको छ।
- इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम, मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम, मानवअधिकार प्रलेख कार्यक्रम व्यवस्थापक मदन पौडेलको टोलीले जेठ ८ गते भूकम्पबाट प्रभावमा परेको सिन्धुली जिल्लाको अवस्थाको बारेमा अनुगमन गरेको छ। अनुगमनका क्रममा टोलीले जिल्लाका मृतक परिवारसँग छलफल गरेको छ। जिल्लामा भूकम्पबाट महिला तथा बालबालिकामा परेको प्रभावका विषयमा महिला विकास अधिकृत दुर्गा भण्डारीसँग जानकारी लिएको छ भने राहत वितरणको अवस्था, प्रक्रिया र गाउँको अवस्थाका बारेमा स्थानीय शान्ति समितिका संयोजक प्रल्हाद पोखरेल तथा राहत वितरण व्यवस्थापन समितिका संयोजक होमराज विष्टलगायतसँग भेट गरी जानकारी लिएको छ।
- वैशाख १२, १३ र २९ गते आएको विनाशकारी भूकम्पको कारण रामेछाप जिल्लाको ऐतिहासिक ठोसे बजार ध्वस्त भएको छ। भूकम्पले ठोसे बजारका सबै घरहरू भत्किएका छन्। रामेछापको पुरानो ऐतिहासिक बजारको रुपमा रहेको ठोसे बजारमा कुनै पनि घरहरू बाँकी छैनन्।
- रामेछाप जिल्लाका भूकम्प प्रभावितहरूका लागि हालसम्म सरकार र विभिन्न संस्थाहरूले ५३ हजार ८ सय ३० थान त्रिपाल वितरण गरेका छन्। जिल्ला दैवी प्रकोप उद्धार समितिबाट मात्रै २७ हजार ५५ थान त्रिपाल वितरण गरिएको छ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline